# लालबन्दी नगरपालिकाको दोश्रो नगर सभा २०७५/०७६ को लागी नगर प्रमुख श्री मान बहादुर खड्काज्यू द्वारा प्रस्तुत नीति तथा कार्यक्रम

**नगर सभामा प्रस्तुत मिति : २०७५/०३/१०**

## सामाजिक पुर्वाधार विकास :-

### १. शिक्षा :-

- यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका बनाउन शिक्षण संस्था एवम शैक्षिक गुणस्तर अभिवृद्धिको कार्यक्रम संचालन सम्बन्धमा समय सापेक्ष रुपमा सुधार गर्दै अघि बढिनेछ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्दै लैजाने क्रमममा वर्तमान अभिभावक एवं विद्यार्थीको माग बमोजिम अंग्रेजी माध्यमबाट शिक्षण गराउन गत शैक्षिक सत्र देखि नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयबाट कम्तिमा बालविकास शिक्षा/शिशु कक्षा/नर्सरी कक्षा अंग्रेजी माध्यमबाट पठन पाठन शुरु गरिएकाले प्रभावकारी रुपले अगाडी बढाईनेछ।
- यस नगरपालिकाको आय श्रोतमा टेवा पुऱ्याउने नवजिवन मा.वि. र त्यस्तै प्रकृतिका विद्यालय तथा अन्य आवश्यक सामुदायिक शिक्षण संस्थालाई सम्वन्धित शिक्षण संस्थाको व्यवस्थापन समितिको प्रस्तावलाई अध्ययनगरी उपयूक्त ढंगले शैक्षिक गतिविधि संचालन एवं भौतिक पूर्वाधार निर्माण गर्न गराउन आवश्यक सहयोग गरिनेछ।

### २. स्वास्थ्य :-

- यस नगरपालिकास्थित प्राथमिक स्वास्थ्य केन्द्र, लालबन्दी र अन्य स्वास्थ्य चौकीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डका निःशुल्क उपलब्ध गराउनु पर्ने औषधि निरन्तर उपलब्ध गराउने व्यवस्था मिलाइने छ।
- स्वास्थ्य संस्था एवं खोपकेन्द्रको विकास र विस्तार संगै नगरपालिका भित्रका सर्वसाधरणलाई न्यूनतम आधारभुत स्वास्थ्य सुबिधाको प्रत्याुति दिइने छ।
- यस नगरपालिकाका वासिन्दालाई सर्पदंश बढर्दै गैरहेको परिप्रेक्ष्यमा विद्यमान सर्पदंश केन्द्रको भौतिक पूर्वाधार वृद्धि गर्दै सर्पदंश बाट ज्यान गुमाउनु नपर्ने गरी **आई.सि.यू.** कक्ष तय गर्दै भ्यान्टिलेटर लगाएतका उपकरण सहितको उपचारको व्यवस्था गरिनेछ।

### ३. सामाजिक विकास :-

- यस नगरपालिका क्षेत्रमा लागू पदार्थ दुर्व्यसनी निरुत्साहित गर्न आवश्यक कदम चालिनेछ।
- जेष्ठ, अशक्त, अपांग लगाएतलाई नेपाल सरकारले गत विगत देखि दिँदै आएको सामाजिक सुरक्षा सम्बन्धी सुविधालाई दुरुपयोग हुन नदिन एंव सम्बन्धितको हातमा नै पुऱ्याउन सबै वडामा बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइने छ।

- यस नगरपालिका भित्रका जेष्ठ, अशक्त, एंव अपाङ्ग व्यक्तिहरुलाई विशेष सम्मान गर्दै जीवनको आयु वढाउन प्रोत्साहन गरिने छ ।

## ४. अन्य सामाजिक पूर्वाधार :-

- सामाजिक पूर्वाधारको विकासले स्वस्थ, सक्षम एवं सशक्त जनशक्तिको विकास हुने हुँदा त्यस्ता अत्यावश्यक पूर्वाधार पहिचान गर्दै विकास र विस्तार गर्दै लगिनेछ ।
- यस नगरपालिका भित्र सुशासन अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

## भौतिक पूर्वाधार :-

### क) यातायात :-

- यस लालवन्दी नगरपालिका भित्रका सवै वडा, गाउँवस्ती, टोलमा सडक सञ्जाल विकास र विस्तार निरन्तर गर्दै लगिनेछ ।
- मुख्यगरी पूर्व-पश्चिम लोकमार्ग अर्न्तगत यस नगरपालिका भित्रको कालोपत्रेसंग जाडिने उत्तर दक्षिण तर्फको सहायक मार्गहरुलाई कालोपत्रे गर्दै निरन्तरता दिईनेछ ।
- यस नगरपालिका भित्रको सडक सञ्जाल तोकिएको मापदण्ड अनुरुप विकास र विस्तार गर्दै नगरवासी लाई सहज यातायातको व्यवस्था मिलाईनेछ ।
- सिटी वसपार्क, रिक्सा स्टैण्ड स्थल पहिचान गरी सहज सडकको व्यवस्थापन गरिनेछ ।

### ख) कृषि तथा पशु विकास :-

- यस नगरपालिकाले कृषि उत्पादन मुख्यगरी तरकारी (गोलभेडा लगायत) ले देश मै पहिचान राखेकोले सो को उत्पादन अभिवृद्धि गरी कृषकलाई प्रोत्साहन गर्न संरक्षण, प्रवर्दन, विकास र विस्तार गर्न आवश्यक कार्यक्रम ल्याईने छ ।
- कृषिमा उत्पादन वृद्धि, पशु नश्ल सुधार गर्दै सहकारीको माध्यमवाट कृषकको आयआर्जनमा अभिवृद्धि गरिनेछ ।
- कृषि वजारको विस्तार एवं विद्यमान हाट वजार लाई व्यवस्थित रुपले संचालनमा ल्याईनेछ ।

### ग) सिंचाई :-

- जमिनलाई उत्पादनशिल वनाउनु पर्दछ, कृषि योग्य जमिन वनाउन सिंचाई आवश्यक पर्ने हुँदा विद्दमान नदी, खोला वा पानीको श्रोतको संरक्षण र व्यवस्थापन गर्दै विभिन्न माध्यम वाट खेती योग्य जमिनको रुपमा विकास गरिनेछ ।

**घ) खानेपानी तथा ढल सुधार :-**

- यस नगरपालिका भित्र तेस्रो शहरी विकास आयोजनाको खानेपानी तथा ढल सुधार सम्वन्धी कार्यक्रम संचालन भैरहेकोले उक्त आयोजना संग समन्वय गरी यथासक्य यस नगरपालिका भित्र शुद्ध एवं स्वच्छ खानेपानी शिघ्र उपलब्ध गराउने र ढलनिकासको व्यवस्था मिलाईनेछ ।
- उक्त आयाजनाले समेटन नसक्ने यस नगरपालिकाको दुर्गम क्षेत्रमा प्राकृतिक स्रोतको संरक्षण गर्दै वैकल्पिक आधुनिक प्रविधिबाट समेत खानेपानीको व्यवस्था मिलाईनेछ ।

**ङ) भवन निर्माण :-**

- यस नगरपालिकाको आन्तरिक श्रोत अभिबृद्धि गर्न नगरपालिकाको स्वामित्व जग्गामा व्यवसायिक आधुनिक भवन निर्माण गर्दै व्यापारिक विकासमा उपयोग गरिनेछ । यस नगरपालिकाको कार्यालय भवन आगामी दिनमा पुनः छुट्टै प्रकृयामा शुरु गरि निर्माण कार्य अघि बढाईनेछ ।

**च) पर्यटन :-**

- यस नगरपालिका भित्रको धार्मिक, सास्कृतिक एवं पर्यटकिय क्षेत्रहरुको पहिचान गर्दै सो को संरक्षण, प्रवर्द्धन र विकास गरिनेछ ।

**छ) वन :-**

- हरियो वन नेपालको धन भन्ने उक्तिलाई यथार्थमा उतार्न विद्यमान सामुदायिक वन उपभोक्ता समुहलाई क्रियाशिल वनाई वन संरक्षणमा जोड दिईनेछ ।

**ज) खेलकुद :-**

- खेलकुद विकासका लागी हरेक वडामा युवा क्लव स्थापना गर्न उत्प्रेरित गरिनेछ । विद्यमान वडा नं. ६ को खेल मैदान लाई क्षेत्रिय स्तरको रंगशालाको रुपमा विकास गर्न निर्माण प्रकृया अगाडी बढाईनेछ ।

**झ) विद्युत तथा उर्जा :-**

- यस नगरपालिका भित्र विद्युत उर्जा उत्पादनका लागी नारायणखोलामा पूर्व सम्भाव्यता अध्ययनको कार्य सुरु गरिएको छ ।
- सौर्य उर्जा वा अन्य वैकल्पिक उर्जा विकासका लागी थप प्रोत्साहन गरिने छ । नगर भित्र बाँकी क्षेत्रमा विद्युतिकरण गर्न जोड दिईनेछ ।

**ञ) वातावरण संरक्षण :-**

- एक घर दुई वृक्षारोपण अभियान संचालन गरी सफा, स्वच्छ र सुन्दर शहरको रुपमा विकास गरिनेछ, साथै अन्य वृक्षारोपणका कार्यक्रमहरु संचालन गरिनेछ ।

**ट) विपद् व्यवस्थापन :-**

- विपद् व्यवस्थापनका लागी नगरस्तरिय एक छुट्टै समिति गठन गरी कोषमा अवश्यक वजेटको व्यवस्था गरिनेछ ।

**ठ) उपभोक्ता हित संरक्षण :-**

- पशु वधशाला निर्माण गरी स्वच्छ एवं स्वस्थ मासुको उपभोग गर्न सक्ने अवस्था सृजना गर्ने कार्यमा निरन्तरता दिईनेछ ।
- वस्तु तथा सेवाहरुको मूल्य सूचि सवै उपभोक्ताले देखिने गरी उपर्युक्त स्थानमा राख्ने व्यवस्था मिलाईनेछ ।
- समय समयमा उपभोक्ता हितका लागी विशेषज्ञ सहितको अनुगमन टोली परिचालन गरिनेछ ।

**ड) भू उपभोग एवं भूमिसुधार :-**

- नगरभित्रको ग्रामिण  वस्तिलाई क्रमश: शहरीकरण गर्दै लगिनेछ ।
- खेतीयोग्य जमिनको संरक्षण गर्ने र प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- यस नगरपालिका भित्र धेरै जग्गाहरु दर्तागर्न छुट भएकाले ऐलानी, पर्तिको रुपमा देखिएको त्यस्ता जग्गालाई प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरी प्रमाणको आधारमा स्वामित्व उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । सरकारी, सार्वजनिक जग्गा संरक्षण गर्न कठिन भै रहेको ले सो का लागि लगत संकलनको प्रकृया अगाडी वढाईनेछ ।

**ढ) लक्षित समुह :-**

- विभिन्न लक्षित समुहलाई आर्थिक, सामाजिक, सास्कृतिक, धार्मिक, संरक्षण र विकास गर्नेगरी आवश्यकताको पहिचान गर्दै उत्थान र समृद्धिको कार्यक्रम संचलन गरिनेछ ।

**ण) सरकारी, गैह्र सरकारी संस्था संग समन्वय :-**

- यस नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रमहरुमा सरकारी/गैह्रसरकारी संघ संस्थासंग लाभान्वित समूहको हितलाई मध्यनजर राखी समन्वय गरिनेछ ।

**५. विविध :-**

- यस नगरपालिकाको नगरवासीहरुको अधिकाधिक हित हुनेगरी अन्य नीती तथा कार्यक्रम एवं आवश्यक कानून तर्जुमा गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

**धन्यवाद्**

**मान बहादुर खड्का**
**नगर प्रमुख**

**ईति सम्बत् २०७५ साल जेष्ठ १० गते रोज १ शुभम् ॥**

# लालबन्दी नगरपालिकाको आगामी आ.व.०७५/७६ को अनुमानित आय व्यव विवरण

- लालबन्दी नगरपालिकाको आगामी आ.व. ०७५/७६ को लागि देहायबमोजिमको श्रोत अनुमान गरिएको छः

| क्र.सं. | श्रोत | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रीय वित्तीय समानीकरणबाट | १६ करोड १७ लाख २० हजार | |
| २ | केन्द्रीय राजस्व बाँडफाँडबाट | ११ करोड २५ लाख ४० हजार | |
| ३ | प्रदेशको सशर्त अनुदान | रु.१ करोड | |
| ४ | प्रदेश वित्तीय समानीकरणबाट | ३३ लाख ९८ हजार | |
| ५. | आन्तरिक श्रोतबाट | ४ करोड | अनुमानित |
| | जम्मा | ३२ करोड ७६ लाख ५८ हजार | |

- केन्द्रीय अनुदान सशर्तमा रु.२४ करोड २४ लाख प्राप्त भएको छ।
- **आगामी आ.व.०७५/७६ को लागि देहायबमोजिमको खर्च अनुमान गरिएको छः**

| क्र.सं. | खर्च विवरण | अनुमानित खर्च | कैफियत |
|---|---|---|---|
| १. | चालु खर्च (जनप्रतिनिधिहरुको पारिश्रमिक समेत) | १०करोड | |
| २ | वडागत विनियोजन<br>• चालु खर्च **रु.१० करोड** पश्चातको बाँकी रहेको **रु.२२ करोड ७६ लाख ५८ हजारबाट** प्रत्येक वडालाई **रु.७५ लाखका** दरले | १२ करोड ७५ लाख | |
| ३. | केन्द्र | १० करोड १ लाख ५८ हजार | |

- वडामा विनियोजित रकमभित्र सशर्त अनुदानमा परेका शिर्षकहरु समावेश गरिएको छैन। सशर्त अनुदानमा परेका शीर्षकहरु वडागत प्राथमिकताको आधारमा थप विनियोजन गरिनेछ।
- केन्द्रमा विनियोजित रकमबाट वडामा नपरेका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिनेछ।
- **लालबन्दी नगरपालिकाको आगामी आ.व. ०७५/७६ को लागि देहायबमोजिमको कूल बजेट अनुमान गरिएको छः**

| क्र.सं. | श्रोत | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १ | केन्दीय सशर्त अनुदान | रु.२४ करोड २४ लाख | |
| २ | केन्द्रीय वित्तीय समानीकरणबाट | १६ करोड १७ लाख २० हजार | |
| ३ | केन्द्रीय राजस्व बाँडफाँडबाट | ११ करोड २५ लाख ४० हजार | |
| ४ | प्रदेशको सशर्त अनुदान | रु.१ करोड | |
| ५ | प्रदेश वित्तीय समानीकरणबाट | ३३ लाख ९८ हजार | |
| ६. | आन्तरिक श्रोतबाट | ४ करोड | अनुमानित |
| ७ | सामाजिक सुरक्षा | ६ करोड ५० लाख | |
| ८ | पोषण(सशर्त) | २० लाख | |
| ९ | स्थानीय स्वायत्त शासन विकास कार्यक्रम | १६ लाख ७७ हजार | |
| १० | सडक बोर्ड | ३५ लाख | |
| ११ | नगर विकास कोष(अनुदान तथा ऋण) | १० करोड | |
| १२ | उपभोक्ता समितिको लागत सहभागिता | १ करोड ५० लाख | |
| | **जम्मा** | **७५ करोड ७२ लाख ३५ हजार** | |

चालु आ.व .०७४/७५ को हालसम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ :

| क्र.सं. | खर्च विवरण | अनुमानित खर्च | कैफियत |
|---|---|---|---|
| १. | चालु खर्च हालसम्म (सामाजिक सुरक्षा सशर्त रु.५,३९,६५,२००।-समेत ) | १७ करोड ९० लाख। | |
| २ | पुँजीगत खर्च | १० करोड १३ लाख | |

- ०७५ आषाढ मसान्तसम्म योजना फछ्यौट गर्नुपर्ने भएकोले खर्चको कार्य निरन्तर चल्ने।